# जिल्ला अदालत, रोल्पा

फोन नः०८६-४४०२१३
फ्याक्सः०८६-४४०२१३
infodcrolpa@dcourt.gov.np

## सिलबन्दि दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७३/११/२३)

यस कार्यालयबाट तपसील बमोजिमको मालसामान सिलबन्दि दरभाउपत्रद्वारा खरिद गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक नेपाली निर्माता आपूर्तिकर्ताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. सिलबन्दि दरभाउपत्रको सूचना प्रकासित भएको मितिले तपसिल बमोजिमको म्याद भित्र तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) बुझाई अध्यावधिक नविकरण भएको इजाजत पत्र, मु.क.कर र स्थायी लेखा नम्वर दर्ता भएको प्रमाण-पत्र, आ.व.०७२/०७३ को करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस अदालत कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरी सिलवन्दी दरपभाउपत्र दाताले प्रत्येक पानामा सहिछाप गरी, सिलवन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी तपसिल बमोजिमको म्यादभित्र जिल्ला अदालत रोल्पामा दर्ता गराउन सकिने छ । म्याद सकिएपछि प्राप्त हुने दरभाउपत्र स्वीकार गरिने छैन । दर्ता भएका सिलवन्दि दरभाउपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि ४५ दिनको हुनेछ र दरभाउपत्र साथ धरौटी वापत तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको (कोड नं.५८/२०४/०१) उल्लेख गरी नेपाल बैंक लिमिटेड रोल्पा शाखामा रहेको को.ले.नि.का.कोड नं. (५८/३०५/०१) को धरौटी खाता नं. ८९ख ३ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (दरभाउपत्र मान्य हुने अवधि भन्दा ३० दिन बढि मान्य अवधि भएको) पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्र शर्त रहित, कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिले सही गरेको हुन पर्ने छ । रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कारवाही हुने छैन ।

६. सिलवन्दि दरभाउपत्रको खाम बाहिर ठेक्का नं.फर्मको नाम र ठेगाना खोली यस कार्यालयलाई सम्बोधन गरि पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्रदाताले आपूर्ति गर्नु पर्ने सामानहरु तोकिएको स्पेशिफिकेसन बमोजिम हुनु पर्ने छ र सम्झौता भएको ३० दिन भित्र सम्पूर्ण सामानहरु आपूर्ति गरी सक्नु पर्ने छ ।

८. दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धिकर बाहेकको दर स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्ने छ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

९. सिलवन्दि दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुने छ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. सिलवन्दि दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यलायमा सम्पर्क राख्न सकिनेछ।

१२. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं सिलवन्दि दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउपत्रमा कारवाही गरिनेछैन ।

१३. सिलवन्दि दरभाउपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा उल्लेख भएको अनुसार र अन्य कुराको हकमा सार्वजिनक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१४. सिलवन्दी दरभाउपत्र साथ स्वघोषणा पत्र अनिवार्य रुपमा पेश गर्नुपर्छ ।

तपसिल

| खरिद नं. | कामको विवरण | कुल ल.ई.रकम रु.(कन्टिन्जेन्सी र VAT बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र खरिद दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ ०७३ ७४ | जिल्ला अदालत रोल्पामा फर्निचर तथा फर्निसिंग सामान आपूर्ति गर्ने कार्य | १६,९४,७००।- | ४८,०००।- | १०००।- | सूचना प्रकाशित मितिले १५ दिन भित्र | सूचना प्रकाशित मितिले १६ दिनको १२ बजे भित्र |

रोल्पा जिल्ला अदालत
लिवाङ, रोल्पा ।